# आपूर्ति तथा परिवहन निर्देशनालय,
# जंगी अड्डाको

## दानाघांस आपूर्ति सम्बन्धी

**सिलबन्दी वा विद्युतीय बोलपत्र (E-Bidding) आव्हानको सूचना नं.१**
**सूचना प्रकाशित मिति २०७४/०४/०३ गते।**

**श्री नेपाल क्याभलरी, नारायणहिटी ब्यारेकमा** पालिएका घोडाघोडीहरुको लागि २०७४ साल जेष्ठ १ गतेदेखि २०७५ साल वैशाख मसान्तसम्मको निमित्त आवश्यक दानाघांसको ठेक्का बन्दोवस्त गर्न मिति २०७३/११/३० गतेको गोरखापत्रमा प्रकाशित तत्कालिन राशन, इन्धन र परिवहन महाशाखा को सूचना नं.९ अनुसार भएको खरिद कारवाहीको निर्णय विशेष कारणवश रद्द भएको हुंदा उक्त ठेक्काको बांकि अवधिको लागि आवश्यक पर्ने दानाघांस आपूर्तिको निमित्त सार्वजनिक खरिद ऐन र नियमावली तथा मिति २०७३/११/३० मा प्रकाशित पूर्व सूचना एवं यसै सम्बन्धी बोलपत्र फाराममा उल्लेखित प्रमाण पत्र तथा कागजात पेश गरी एवं सम्पूर्ण शर्तहरुको अधिनमा रहि सिलबन्दी वा विद्युतीय बोलपत्र (E-Bidding) पेश गर्न इच्छुक फर्म/संस्था/कम्पनीहरुको लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। बोलपत्र सम्बन्धी कागजात तोकिएको दस्तुर बुझाई नियमानुसार बिक्री गर्न तोकिएका निकायहरुबाट मिति २०७४/०४/३२ गते (बिदाको दिन बाहेक) को कार्यालय समयसम्म बिक्री हुनेछ। बिक्री भएका बोलपत्रहरु मिति २०७४/०५/०१ गतेको १२०० बजेसम्म वा सो भन्दा अगावै बिदाको दिन बाहेक कार्यालय खुलेको जुनसुकै दिनको कार्यालय समय सम्म उक्त क्याभलरीमा दर्ता गरिने र दर्ता भएका बोलपत्रहरु सोही दिनको १३०० बजे सोही क्याभलरीमा खोलुवा गरिने छ। यो सूचना नेपाली सेनाको **Website:www.nepalarmy.mil.np** मा समेत हेर्न सकिनेछ। साथै, यस सूचनाको सम्बन्धमा थप कुराहरु बुझ्नु परेमा सोही क्याभलरीमा सम्पर्क गरी वा मिति २०७४/०४/२२ गते उक्त क्याभलरीमा संचालन हुने बोलपत्र पेश गर्नु पूर्वको बैठकमा सहभागी भई जानकारी लिन सकिनेछ।